# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा (जिल्ला)
प्रदेश नं. २, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं. :- २४१

मिति :- २०७७/०६/२७

कानुनी सल्लाहकार
शिलबन्दी दरभाउ आब्हानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७७/०६/२७

यस मिथिला नगरपालिको नगर कार्यपालिकाको कार्यालयको लागि कानुनी परामर्श सेवा खरिद गर्नु पर्ने भएकोले इच्छुक कानुनी व्यवसायी फर्मबाट दरभाउपत्र आब्हान गरिएको छ ।

शर्तहरु

१.इच्छुक योग्यता पुगेका शिलबन्दी दरभाउपत्रदाताले १५ औ दिनसम्ममा यस कार्यालयको राजस्व शाखा बाट कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुनेगरी तपसिल बमोजिमको नगदी तिरी उक्त रसिदका साथ ०७६।०७७ का लागि नबिकरण भएको इजाजतपत्र, स्थाई लेखानम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र ०७५।०७६को कर चुक्ता गरेको पत्रको प्रतिलिपि संग्लग्न राखी दरभाउपत्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२.२०७७०७११गते सार्वजनिक विदा भएको हुनाले शिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको मिति देखि १७औ २०७७०७१३ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।

३.शिलबन्दी दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी बापत को रकम यस कार्यालय को माछापुछ्रे बैंक लि.ढल्केवर शाखामा रहेको धरौटी हिसाब नं.१००१५२४७९५८७१०७८ मा दाखिला गरि सक्कलै भैचर पेश गर्नुपर्ने छ ।

४.शिलबन्दी दरभाउपत्र भर्दा परामर्श सेवाको जम्मा रकम अंक र अक्षरमा प्रस्ट हुनेगरी लेख्नुपर्ने छ, अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. रित नंपुगी वा म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कार्यबाहीहुने छैन ।

६.दर्ता भएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७.एउटा फर्मको नाउमा खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाइनेछैन ।

८.शिलबन्दी दरभाउपत्र खरिद तथा दर्ता गर्ने सार्बजानिक बिदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिने छ ।

९.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ र सार्बजानिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१०.यस सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ, वा यस कार्यालयको वेब मा समेत हेर्न सक्नुहुनेछ ।

११.आवेदनको साथ पेश गर्नुपर्ने कागजातहरु

- क) नागरिकता
- ख) कानुन व्यवसायीको प्रमाण पत्र
- ग) स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र
- घ) आ.व.०७५।०७६ को कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि
- ङ) विगतमा दुई आ.व. कानुनी सल्लाहकारको रुपमा कामकाज गरेको हुनुपर्ने ।